**निर्णय नं. ५:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६५ क- मूल्याङ्कन सम्बन्धी विशेष व्यवस्था बमोजिम निज बोलपत्रदाता श्री SHUBHA BIHANI-GURA JV वा सो को सञ्चालक उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर भए नभएको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट, विशेष अदालत लगायत विभिन्न निकायबाट यकिन गरियो । सो सम्बन्धमा उक्त बोलपत्रादाता वा सोको सञ्चालक उपर कुनै पनि भ्रष्टाचार सम्बन्धी कसूरमा मुद्दा दायर भएको नदेखिएकोले निज बोलपत्रदाता श्री SHUBHA BIHANI-GURA JVले पेश गरेको आर्थिक प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही (Lowest Evaluated Substantially Responsive Bid) रहेको निर्णय गरियो ।

**निर्णय नं. ६:** Contract ID: LIDPO/Surkhet/RM/W/NCB-08/2080/081को प्राविधिक प्रस्तावबाट छनौट भई आर्थिक प्रस्ताव मूल्याङ्कन भएका दुई (२) वटा बोलपत्रदाताहरु मध्य सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६४,६५ र ६५क बमोजिम बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाता श्री SHUBHA BIHANI-GURA JV ले पेश गरेको कुल रकम रु. २,०९,७३,८२३.०० (अक्षरुपी दुई करोड नौ लाख त्रिहत्तर हजार आठ सय तेइस रुपैया मात्र) (भ्याट र प्रोभिजनल रकम बाहेक) यस कार्यालयको स्वीकृत लागत अनुमान रकम रु. २,९१,५७,९५३.७३ (अक्षरुपी दुई करोड एकान्नब्बे लाख सन्ताउन्न हजार नौ सय त्रिपन्न रुपैंया र पैंसा त्रिहत्तर मात्र) (भ्याट र प्रोभिजनल रकम बाहेक) भन्दा रु. ८१,८४,१३०.७३ (अक्षरुपी एकासी लाख चौरासी हजार एक सय तिस रुपैंया र पैंसा त्रिहत्तर मात्र) (भ्याट र प्रोभिजनल रकम बाहेक)ले कम रहेको छ जुन रकम स्वीकृत लागत अनुमानको रकमभन्दा २८.०७ % ले कम रहेको छ । अत: पेश भएका बोलपत्रहरु मध्य न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही (Lowest Evaluated Substantially Responsive Bid) श्री SHUBHA BIHANI-GURA JV ले पेश गरेको कुल रकम रु. . २,०९,७३,८२३.०० (अक्षरुपी दुई करोड नौ लाख त्रिहत्तर हजार आठ सय तेइस रुपैंया मात्र) (भ्याट र प्रोभिजनल रकम बाहेक) बराबरको बोलपत्र सार्वजनिक खरिद नियमावली,२०६४ (बाह्रौं संशोधन) को नियम ६५ को उपनियम (३) बमोजिम सो बोलपत्रदातासँग निजको कबोल अंकको पाँच प्रतिशतमा थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृतीको लागि सिफारिस गर्ने निर्णय गरियो ।

नि. कार्यालय प्रमुख